नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल
नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय,महोत्तरी
आर्थिक प्रशासन शाखा

## पुराना जिन्सी सामानहरु र सवारी साधनको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना .

प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०२।२१ गते ।

१) आ.ब. २०७६/०७७ मा यस सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीमा तपसील बमोजिमका बिभिन्न पुराना जिन्सी सामानहरु र सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बिवरण | न्यूनतम जम्मा मुल्य रु. (मु.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कै. |
|---|---|---|---|---|
| १. | पुराना जिन्सी सामानहरु | १,००,५२६ ।- | १,०००।- | |
| २. | सवारी साधनहरु | ३८,०००।- | ३००।- | |

२) सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औ दिन (मिति २०७७।०३।०९ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाइ खरिद गर्न सकिने छ । बोलपत्र फाराम २२ औ दिन (मिति २०७७।०३।१० गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीमा दर्ता गराई सक्नुपर्नेछ ।

३) यस बाहिनीमा दर्ता हुन आएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस बाहिनीमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजानिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

४) बोलपत्रदाताले बोलपत्र कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीको कार्यालय कोड नं. ३१४०५१८०१ कोष तथा लेखा नियन्त्रक कार्यालय, जलेश्वर महोत्तरीको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर, महोत्तरी धरौटी खाता नं. १२७०२०३०००००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे ) दिन मान्य अवधिको कुनै वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५) स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ. कर १३ तेह्र प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु र सवारी साधनहरु उठाई लैजानु पर्ने छ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

६) उल्लेखित जिन्सी सामानहरु र सवारी साधनहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस बाहिनीमा आई हेर्न वा थप बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ९८५१२७२०२४ मा सम्पर्क गर्न सकिने छ । साथै यो सुचना सशस्त्र प्रहरी बल, नेपालको website **website**:www.apf.gov.np मा पनि हेर्न सकिने छ ।